**नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड**
समृद्ध नेपालको लागि

**च.नं. NIFRA-LEGAL-78-79-11**
**मिति: २०७८/०६/२५**

कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।

नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौं ।

नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग, दरबारमार्ग, काठमाडौं ।

नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।

नेपाल स्टक एक्स्चेन्ज लि., सिंहदरवारप्लाजा, काठमाडौं ।

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।

ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाडौं ।

**विषय : परिमार्जित लाभांस प्रस्ताव गरिएको सम्बन्धमा ।**

**महोदय,**
उपरोक्त विषयमा, मिति २०७८/०६/०४ गते बसेको बैंक संचालक समितिको ९८औं बैठकले आ.व. २०७७/७८ को वित्तीय विवरण अनुसार आर्थिक वर्षको अन्त्यसम्मको संचित मुनाफा मध्ये वितरणयोग्य मुनाफाबाट चुक्ता पूँजी रु.२०,००,००,००,०००।- (रु. बीस अर्ब मात्र) को ८.५ % (आठ दशमलव पाँच प्रतिशत) नगद लाभांस (कर समेत) घोषणा एवं वितरण प्रस्ताव गरी नेपाल राष्ट्र बैंक समक्ष स्वीकृतिका लागि अनुरोध गरिएको थियो । मिति २०७८/०६/०७ गते नेपाल राष्ट्र बैंकबाट "इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको वार्षिक साधारण सभा प्रयोजनको लागि वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गर्ने तथा लाभांस स्वीकृति गर्ने सम्बन्धी कार्यविधि २०७७" मा प्रथम संशोधन भएको सूचना जारी भएको र यस बैंकले प्रस्ताव गरेको लाभांस सम्बन्धमा उक्त कार्यविधिको प्रथम संशोधन समेतको अनुकुल हुनेगरी पुनः प्रस्ताव पेश गर्न निर्देशन प्राप्त भएको जानकारी गराउँछौं ।

नेपाल राष्ट्र बैंकको उक्त निर्देशानुसार बैंकको मिति २०७८/०६/२४ गते बेलुका ५ बजे बसेको बैंक संचालक समितिको ९९औं बैठकले आ.व. २०७७/७८ को वित्तीय विवरण अनुसार आर्थिक वर्षको अन्त्यसम्मको संचित मुनाफा मध्ये वितरणयोग्य मुनाफाबाट चुक्ता पूँजी रु.२०,००,००,००,०००।- (रु. बीस अर्ब मात्र) को ८ % (आठ प्रतिशत) ले हुने रु.१,६०,००,००,०००।- (रु. एक अर्ब साठी करोड मात्र) बराबरको बोनस शेयर र उक्त शेयरमा लाग्ने कर वापत रु.८,४२,१०,५२७- (रु. आठ करोड बयालीस लाख दश हजार पाँच सय सत्ताइस रुपैया मात्र) नगद लाभांस गरी कुल रु. १,६८,४२,१०,५२७- (रु. एक अर्ब अट्सठ्ठी करोड बयालीस लाख दश हजार पाँच सय सत्ताइस रुपैया मात्र) लाभांस घोषणा एवं वितरण प्रस्ताव गरी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ४७ अनुसार नेपाल राष्ट्र बैंक समक्ष स्वीकृतिका लागि अनुरोध गर्ने, नेपाल राष्ट्र बैंकबाट स्वीकृत भए पश्चात स्वीकृत लाभांसको वितरण साधारण सभाबाट पारित एवं कम्पनी ऐन २०६३ को दफा १८२(२) अनुसार नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति पछि मात्र हुने निर्णय गरेको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

**धन्यवाद ।**

**भवदीय,**

..........................
**इश्वर बन्धु गौतम**
**कम्पनी सचिव**

Nepal Infrastructure Bank Ltd. ★ Kathmandu ★

**Nepal Infrastructure Bank Limited**
Krishna Tower, Baneshwor, Kathmandu, Nepal
Tel: 01 4784002, 4786402
www.nifrabank.com | Email: info@nifrabank.com